वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

www.bhanjyangnews.com

भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदै आएको भञ्ज्याङ
bhanjyangnews.com
भञ्ज्याङ BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
वेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई
LIKE, FOLLOW
गर्दै गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।

वर्ष ४५ अंक १६४ | २०८३ कात्तिक ०१ गते आइतबार, नेपाल सम्वत् ११४६ October 18, 2026 | पृष्ठ ४ | मूल्य : रू. १५/-



खड्कामाई मन्दिरमा भक्तजन : पर्यटकीय नगरी तनहुँको बन्दीपुरस्थित खड्कामाई मन्दिरमा विजयादशमीको फूलपातीका दिन शनिबार पूजाअर्चनाका लागि पुगेका भक्तजनहरू । दशैं पर्वका अवसरमा खड्कमाई मन्दिरमा विशेष पूजाअर्चना हुने गर्दछ । *तस्विर : भञ्ज्याङ*

बडा दशैंको शुभकामना
HAPPY DASHAIN
विजयादशमीको पावन अवसरमा हाम्रा समस्त पाठक, लेखक, ग्राहक महानुभाव, विज्ञापनदाता, शुभचिन्तक एवं सबैमा सु-स्वास्थ, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
भञ्ज्याङ पब्लिकेशन प्रा.लि. परिवार
दमौली, तनहुँ । फोन : ०६५-५६३९०७
Email : bhanjyangdml@gmail.com,
www.bhanjyangnews.com

तनहुँ कालिका मन्दिरमा विधिपूर्वक भित्र्याइयो

भञ्ज्याङ समाचारदाता/तनहुँ

बडादसैँको सातौँ दिन फूलपातीका अवसरमा शनिबार तनहुँको व्यास नगरपालिका-४ स्थित तनहुँ कालिका मन्दिरमा विधिपूर्वक फूलपाती भित्र्याइएको छ। बाजागाजासहित दमौली बजार परिक्रमा गरेर ल्याइएको फूलपाती धार्मिक विधिअनुसार मन्दिरमा भित्र्याइएको हो ।

चापाघाटस्थित कालीभञ्जन गण(इ) का नेपाली सेना र जिल्ला प्रहरी कार्यालय तनहुँका प्रहरी उपरीक्षक टेकबहादुर कार्कीलगायत जनप्रतिनिधि तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता थियो ।

दुर्गा पक्षअन्तर्गत आश्विन शुक्ल सप्तमीका दिन मनाइने फूलपाती पर्व दसैँको महत्त्वपूर्ण धार्मिक परम्परा हो । घटस्थापनादेखि वैदिक विधिपूर्वक दुर्गा भवानीको आह्वान गरी



प्रहरी कार्यालय तनहुँका प्रहरीले डोलीमा राखेर फूलपाती मन्दिरसम्म ल्याएका थिए। त्यसअघि व्यास नगरपालिका-३ स्थित बीपी वनवाटिकामा रहेको बेलको रूखमा पूजाआजा गरिएको थियो ।

फूलपाती व्यवस्थापन समितिका संयोजक एवं तनहुँ कालिका मन्दिरका अध्यक्ष ईश्वरबहादुर विष्टले परम्पराअनुसार पूजाआजा गरी फूलपाती भित्र्याइएको जानकारी दिए ।

फूलपाती भित्र्याउने कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख शान्तिरमण वाग्ले, कालीभञ्जन गण पूजाआजा गरिने दसैँघरमा फूलपाती भित्र्याउने चलन छ। यस दिन उखु, हलेदो, केराको बोट, धानको बाला, बेलपत्र, दारिम, जयन्ती, अशोकको फूल र मानवृक्षलगायत सामग्री भित्र्याएर शुभ साइतको प्रतीकका रूपमा पूजा गरिन्छ ।

तनहुँ कालिका मन्दिरमा पनि प्रत्येक वर्ष मन्दिर व्यवस्थापनको अगुवाइमा फूलपाती भित्र्याउने परम्परा रहँदै आएको छ। बागभञ्ज्याङ सामुदायिक वनको बीचमा रहेको तनहुँ कालिका सहिद

बाँकी तेश्रो पेजमा

न्यु दमौली ४०० केभी सवस्टेशन निर्माण ३६ प्रतिशत पूरा

तनहुँका पाँच पालिकामा विद्युत् वितरण प्रणाली सुधारको काम पनि तीव्र

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँमा निर्माणाधीन न्यु दमौली ४०० केभी सवस्टेशनको भौतिक निर्माण ३६ प्रतिशत सम्पन्न भएको छ । मिलेनियम च्यालेन्ज अकाउन्ट (एमसिए) नेपालअन्तर्गत निर्माण भइरहेको सवस्टेशनको वित्तीय प्रगति भने १२ प्रतिशत पुगेको छ।

एमसिए नेपाल तनहुँका सम्पर्क अधिकृत हुमनाथ ढकालका अनुसार सवस्टेशन निर्माणको काम निर्धारित योजनाअनुसार अघि बढिरहेको छ। भारतको टेक्नो इलेक्ट्रिक एन्ड इन्जिनियरिङ कम्पनी लिमिटेडले सवस्टेशन निर्माणको जिम्मेवारी पाएको हो ।

आयोजनाका लागि कम्पनीसँग ३ करोड ८८ लाख ८३ हजार ६ सय ४३ अमेरिकी डलरमा ठेक्का सम्झौता भएको थियो । २०२४ जुलाई ३१ मा सम्झौता भएको आयोजनाको निर्माण २०२४ अगस्ट १८ देखि सुरू गरिएको हो। सम्झौताअनुसार २०२७ नोभेम्बर २२ सम्ममा निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।



न्यु दमौली सवस्टेशन निर्माण पूरा भएपछि विद्युत् प्रसारण प्रणालीको क्षमता विस्तारमा सहयोग पुग्नेछ। साथै विभिन्न जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत्लाई राष्ट्रिय प्रसारण प्रणालीमा जोड्न र भविष्यमा बढ्ने विद्युत् माग व्यवस्थापन गर्न सवस्टेशन महत्वपूर्ण हुने अपेक्षा गरिएको छ।

पाँच पालिकामा पोलदेखि ट्रान्सफर्मरसम्मको काम

एमसिए नेपालले सवस्टेशन निर्माणसँगै तनहुँका पाँच स्थानीय तहमा विद्युत् वितरण प्रणाली सुधारको कामसमेत अघि बढाएको

बाँकी तेश्रो पेजमा

हाम्रा घरआँगनमा भेटिने ढुङ्गा र ढुङ्गासंग जोडिएको साइनो

विषय प्रवेश

नेपाल १२६ भन्दा बढी जातजाति मिलेर बसेको सुन्दर देश हो । साँच्चै भन्ने हो भने नेपाल धरतीको भूस्वर्ग हो। यहाँ जति जातजाति छन्, त्यति नै प्रकारका संस्कृति पनि जीवन्त छन्। सबै जातजातिमा धार्मिक सहिष्णुता र सांस्कृतिक ऐक्यबद्धता पाइन्छ । एउटा जातिले मनाएको चाडपर्व अर्को जातिको छिमेकीले पनि खुसीका साथ मनाउँछ । भेट हुँदा एकअर्कालाई शुभकामना आदानप्रदान गर्न नेपालीहरु रत्तिभर बिसँदैनन् ।

प्रकृतिप्रेमी नेपालीहरु डाँडापाखा, गाउँबेँसी र समथर मैदानमा हुर्किएका छन् । उनीहरु नेपाली ढुङ्गामाटो भनेपछि हुरूक्कै हुन्छन्। ढुङ्गालाई आराध्यदेवता मानेर घरदेखि डाँडासम्म र डाँडादेखि सागरसम्म पूजा गर्छन् । नेपाली जनजीवन ढुङ्गामाटोसँगै गाँसिएको छ र रहिरहनेछ।

नेपालीहरूले आफ्ना बस्ती तथा स्थानका नामसमेत ढुङ्गासँग जोडेको पाइन्छ। मिर्लुङ ठूलोढुङ्गा, कुन्छा ठूलोढुङ्गा, कोषढुङ्गा, उदेनढुङ्गा, ओखलढुङ्गा, कोलढुङ्गा, गोलढुङ्गा, जारकाटेढुङ्गा, खरीढुङ्गा, बाघढुङ्गा, हात्तीढुङ्गा, नागढुङ्गा, दासढुङ्गा, बेह्रेढुङ्गा, गोहीढुङ्गा, कछुवाढुङ्गा, मान्द्रेढुङ्गा, ढुङ्गेसाँघु, बन्दीपुर, धरमपानी र शेराका ढुङ्गाखानी, भिमादको ढोढुङ्गे, चिसापानीको जन्तीढुङ्गा, गौरीशंकर ढुङ्गा, भीमढुङ्गा, क्यामिनको बसाहढुङ्गा, काभ्रेको फटकशिला, पात्थराको मत्स्यशिला, हनुमानशिला, ऋषिङको सुत्केरी ढुङ्गा र व्यास नगरपालिका-१२ का ढुङ्गागाडेलगायतका स्थान यसका उदाहरण हुन् ।

ढुङ्गामाटोमा रमाएका हामी नेपाली आजसम्म पनि यही माटोमा खनीखोस्री गरेर जीवन निर्वाह गरिरहेका छौं । नेपाल एकीकरण अभियानका अगुवा पृथ्वीनारायण शाहले विजय प्राप्त गरेका भूमिमा ढुङ्गा गाडेर विजयको चिह्न स्थापित गर्ने गरेको प्रसङ्ग इतिहासमा उल्लेख पाइन्छ। त्यसैगरी, अंग्रेजसँगको युद्धमा गुमेका भूभागमध्ये बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतका भूमि जङ्गबहादुर राणाको पालामा नेपालमा फिर्ता आएका थिए। यसले पनि नेपालीको भूमिप्रतिको माया र साइनो झल्काउँछ ।

ढुङ्गामाटोसँगको साइनो राजा-महाराजामा मात्र सीमित थिएन । कलाकार, साहित्यकार र लोकसंस्कृतिका साधकहरु पनि प्रकृतिसँगै रमाए। आदिकवि भानुभक्त आचार्य, धर्मराज थापा, देउबहादुर दुरा र धम्पु दुरालगायतका स्रष्टाहरूले आफ्नो सिर्जना र जीवनयात्रामा यही माटोको सुगन्ध बोके ।

'म ढुङ्गा' कविता र कवि विमल वैद्य

कवि विमल वैद्यले ढुङ्गाको चरित्रलाई आधार बनाएर 'म ढुङ्गा' कविता रचना गर्नुभएको छ। उहाँको कवितामा ढुङ्गालाई सहनशीलता, मौनता, त्याग र धैर्यको प्रतीकका रूपमा प्रस्तुत गरिएको छ। ढुङ्गाले कसैको आवाज बिथोल्दैन, शून्यतालाई चिर्दैन। आफूमाथि घनले प्रहार गर्दा पनि प्रतिरोध नगरी सहेर बस्छ। टुक्र्याइयो भने टुक्रिन्छ, मूर्ति बनाइयो भने मन्दिरमा पूजित भएर बस्छ । कसैले त्यसको अपमान गरे पनि प्रतिवाद गर्दैन। पानीको भेलसँगै बग्दा अरु ढुङ्गासँग ठोक्किँदै खिइएर गिट्टीबालुवासँगै सुनका कणसमेत मिसाएर बस्छ ।

ढुङ्गा मानिसका लागि भञ्याङ बन्छ, घरको छानो बन्छ, पर्खालको संरक्षण गर्छ र विश्राम गर्ने ठाउँमा आसन वा पलङको रूप लिन्छ । बिस्कुन सुकाउने मान्द्रेढुङ्गा होस् वा घामपानीबाट जोगाउने ओत, ढुङ्गा मानिसको जीवनसँग अनेक रूपमा जोडिएको छ। देशको रक्षा गर्नुपर्दा घुयेत्रोको डल्लो, गुलेलीको मट्याङ्गा र हतियारका रूपमा समेत ढुङ्गाको प्रयोग भएको इतिहास छ ।

ढुङ्गा जति साह्रो छ, त्यति नै दुःखकष्ट सहन पनि सक्षम छ। कवि विमल वैद्यले ढुङ्गामार्फत मानिसको जीवन र समाजमा उसको भूमिकालाई उजागर गर्नुभएको छ। कसैले पूजा गरे पूजित हुने, कसैले खुट्टामुनि राखेर उक्लने-ओर्लने गरे भञ्याङ बन्ने र अरूको भार बहन गर्न तयार रहने ढुङ्गाको स्वभावले कविको जीवनदर्शनलाई पनि अभिव्यक्त गर्छ ।

हिजो, आज र भोलि पनि ढुङ्गा मानिसका अनेक आवश्यकता पूरा गर्न तत्पर छ। हामीले यही ढुङ्गालाई कहिले पैतालामुनि राख्छौं त कहिले देवता मानेर शिर निहुराउँदै ढोग्छौं। यसरी ढुङ्गा केवल निर्जीव वस्तु नभई हाम्रो आस्था, व्यवहार र जीवनदर्शनसँग जोडिएको प्रतीक बनेको छ।

ठाडोभाका लोकगीतको माइतीघर मिर्लुङ ठूलोढुङ्गा र कुन्छाको ठूलोढुङ्गा

नेपालको इतिहासमा साना राज्यहरूबीचको द्वन्द्व र सत्ता संघर्षका अनेक प्रसङ्ग पाइन्छन् । तनहुँ राज्यका राजा भृङ्गी सेनका दुई छोरा हम्बीर सेन र धर्माङ्गत सेनबीचको द्वन्द्व चर्किएपछि कान्छा छोरा धर्माङ्गत सेनले तनहुँ छाड्नुपरेको स्थानीय किंवदन्ती छ । रिसिङ र तनहुँका सैनिक शक्ति हात पारेका हम्बीर सेनको दबाबमा धर्माङ्गत सेन सुंगुरे भञ्ज्याङ, समजुर हुँदै मिर्लुङ ठूलोढुङ्गाको बाटो भएर जुङतर्फ लागेका थिए भन्ने जनश्रुति पाइन्छ ।

मिर्लुङपोखरी छाप पुग्ने बेलाको ठूलोढुङ्गामा पुगेपछि राजकुमार धर्माङ्गत सेन खुब रोएको किंवदन्ती छ । राजाको क्रन्दन सुन्न नसकेर सिद्धले जुङ जान छाडेर मिर्लुङतर्फ जान सल्लाह दिएको बताइन्छ । जुङको पानी टुटेको प्रसङ्गसँग जोडेर त्यस क्षेत्रको एउटा स्थानको नाम टुटेपानी रहन गएको जनविश्वास पनि छ ।

मिर्लुङ ठूलोढुङ्गामा पुगेपछि धर्माङ्गत सेनले भजन र झ्याउरे गीतको आयोजना गरी मादल र खैँजडीको तालमा नाचगान गरेको कथन छ। त्यही समयदेखि सुरू भएको गीतमेला अहिले पनि निरन्तर चलिरहेको स्थानीय विश्वास छ।

मिर्लुङ ठूलोढुङ्गा ठाडोभाका लोकगीतको महत्त्वपूर्ण केन्द्रका रूपमा परिचित छ। ठाडोभाका लोकगीतका स्रष्टा देउबहादुर दुरा, भेडीखर्के साइँला, पुतली सर्किनीलगायतका कलाकारले यस ठाउँलाई लोकसङ्गीतको तीर्थस्थलका रूपमा स्थापित गर्न योगदान दिएका छन्। हरेक वर्ष चैतेदसैँको मेलामा यहाँ ठाडोभाका लोकगीत घन्किने परम्परा अझै जीवित छ ।

तनहुँ र लमजुङका ठाडोभाका लोकगीतका स्रष्टाहरु देउबहादुर दुरा, भेडीखर्के साइँला, धम्पु दुरा, आफली घर्तिनी र पुतली सर्किनीलगायतका गायकगायिका चैतेदसैँको मेलामा मिर्लुङ ठूलोढुङ्गाको बजारमा पुगेर गीतिसम्मेलन तथा सांस्कृतिक उत्सव मनाउने गर्थे। अहिले ठाडोभाका लोकगीत लोपोन्मुख अवस्थामा पुग्न थालेपछि यसको संरक्षण र संवर्द्धनका लागि व्यास नगर प्रज्ञाप्रतिष्ठानले नवोदित कलाकारलाई प्रशिक्षण दिने कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

मिर्लुङको विरासत कायम राख्ने क्रममा त्यहाँका राजा चन्द्र सेन लमजुङको कुन्छामा निर्वासनमा बस्दा कुन्छाको ठूलोढुङ्गामा पनि गीतिमेला आयोजना गरेको हुन सक्ने स्थानीय विश्वास छ । अहिले पनि कुन्छाको ठूलोढुङ्गा, रूपाकोटको पुतलीबजार र शिशाघाटमा ठाडोभाका तथा झ्याउरे गीत गुञ्जिने परम्परा कायम छ ।

लमजुङको करापुटारस्थित रामबजार, भानु नगरपालिका-११ को पुतलीबजार, भानु नगरपालिका-१२ को मिर्लुङ ठूलोढुङ्गा र व्यास नगरपालिका-६ को शिशाघाटलाई ठाडोभाका लोकगीतका चार धामका रूपमा लिने गरिन्छ । लमजुङको कुन्छा बजारस्थित ठूलोढुङ्गालाई भने यसको भगिनीस्थलका रूपमा मान्ने गरिएको छ। यी स्थानले ढुङ्गा र लोकसङ्गीतबीचको गहिरो सम्बन्धलाई जीवन्त राखेका छन्।

वाम आन्दोलनका नेता मदनकुमार भण्डारी र ढुङ्गेसाँघुदेखि दासढुङ्गासम्म

नेपालको वामपन्थी राजनीतिक आन्दोलनका शीर्ष नेता मदनकुमार भण्डारीको जन्म वि.सं. २००९ साल असार १४ गते ताप्लेजुङको ढुङ्गेसाँघुमा भएको थियो। ढुङ्गेसाँघुबाट सुरू भएको उहाँको जीवनयात्रा काठमाडौँको नागढुङ्गा हुँदै गोलढुङ्गासम्म पुगेको प्रसङ्गलाई ढुङ्गासँग जोडेर हेर्न सकिन्छ ।

काठमाडौँ प्रवेश गर्ने प्रमुख मार्गमा पर्ने नागढुङ्गाको नाम नागको आकृतिसँग मिल्दोजुल्दो ढुङ्गाका कारण रहेको जनविश्वास छ। काठमाडौँको बालाजुनजिक रहेको गोलढुङ्गा क्षेत्रमा गोलाकार ढुङ्गा भेटिएकाले उक्त स्थानको नाम गोलढुङ्गा रहन गएको भन्ने स्थानीय भनाइ छ। नागढुङ्गामा हरेक पञ्चमी तिथि, विशेष गरी नागपञ्चमीका दिन नागदेवताको पूजा गर्ने परम्परा आजसम्म जीवित छ ।

कमरेड पुष्पलालसँगको भेटघाटपछि वाम राजनीतिमा प्रवेश गर्नुभएका भण्डारी वि.सं. २०३० मा नेपाल कम्युनिस्ट पार्टीको पूर्णकालीन कार्यकर्ता बन्नुभएको थियो। नेकपा कोअर्डिनेसन केन्द्रमा आबद्ध उहाँ नेकपा मालेको स्थापनासँगै केन्द्रीय सदस्य बन्नुभयो । वि.सं. २०४१ मा पोलिटब्युरो सदस्य र २०४६ सालको चौथो महाधिवेशनबाट पार्टी महासचिव बन्नुभएका भण्डारीले २०४८ सालको संसदीय निर्वाचनमा काठमाडौँ क्षेत्र नम्बर १ बाट नेपाली कांग्रेसका नेता तथा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई पराजित गर्दै प्रतिनिधिसभा सदस्य निर्वाचित हुनुभएको थियो ।

भण्डारीले अघि सार्नुभएको जनताको बहुदलीय जनवादले नेपालको वामपन्थी राजनीतिमा महत्त्वपूर्ण स्थान ओगटेको छ। तर, वि.सं. २०५० साल जेठ ३ गते पोखराबाट चितवनतर्फको यात्राका क्रममा दासढुङ्गामा भएको रहस्यमय दुर्घटनामा मदन भण्डारी र जीवराज आश्रितको निधन भयो । यस घटनाले नेपाली राजनीतिमा गहिरो प्रभाव पार्नुका साथै विभिन्न आशंका र बहसलाई जन्म दियो।

ताप्लेजुङको ढुङ्गेसाँघुमा जन्मिएका भण्डारीको जीवनयात्रा नागढुङ्गा र गोलढुङ्गा हुँदै दासढुङ्गासम्म आइपुगेको प्रसङ्गले ढुङ्गासँग जोडिएका स्थानहरूलाई राजनीतिक इतिहासको स्मृतिसँग पनि गाँसिदिएको छ । उहाँको जन्मस्थलदेखि निधनस्थलसम्मका यी नामले ढुङ्गा केवल प्राकृतिक वस्तु मात्र नभई इतिहासका साक्षी पनि हुन् भन्ने अनुभूति गराउँछन्।

तनहुँको जारकाटेढुङ्गा

तनहुँसुरको जारकाटेढुङ्गासँग एउटा रोचक स्थानीय किंवदन्ती जोडिएको छ। कुनै समय तनहुँसुरका सेन राजा गद्दीचौतारामा बसेर न्यायनिसाफ गरिरहेका थिए। त्यही बेला श्रीमती नभएका एक साधु चौतारामा आए । उनले राजासमक्ष जार काट्न पाइन्छ कि पाइँदैन भनेर बिन्ती गरे। साधुको जाहेरीको वास्तविकता नबुझ्दै राजाले जार काट्न पाइन्छ, काट भन्ने आदेश दिएको जनश्रुति छ ।

राजाको आदेश पाएपछि साधुले आफूसँग ल्याएको तरबार म्यानबाट झिकेर जारलाई प्रहार गर्न खोजे। ज्यान जोगाउन जार भागेपछि साधु तरबार लिएर उनको पछि लागे। जार भनिएका व्यक्ति तनहुँसुर दरबारका काजी नै भएको थाहा पाएपछि राजाले आफ्नो निर्णय सच्याए। उनले साधुले सुन्ने गरी जार काट्न पाइँदैन भन्ने आदेश दोहोऱ्याउन लगाए ।

तर, साधुले राजाको पछिल्लो आदेश सुनेनन्। ज्यान जाने डरले भागेका ती व्यक्ति एउटा ढुङ्गाको आडमा लुके। त्यहीँ लुकेको अवस्थामा साधुले प्रहार गर्दा तरबारले ढुङ्गा र ती व्यक्तिलाई एकैपटक लागेको किंवदन्ती छ ।

त्यस घटनाको सम्झनामा उक्त ढुङ्गा जारकाटेढुङ्गाका रूपमा परिचित भएको स्थानीय जनविश्वास छ। अहिले पनि तनहुँसुर हटिया पुग्नुअघि रानीस्वाँरा तोरीबारीभन्दा माथिको पाखामा यो ढुङ्गा रहेको बताइन्छ। यसले स्थानीय समाजको पुरानो न्यायव्यवस्था, जनविश्वास र मौखिक इतिहासलाई सम्झाउने स्मारकको रूप लिएको छ ।

शिशाघाटको जङ्गे मितढुङ्गा

वि.सं. १९०३ मा घटेका कोतपर्व र भण्डारखाल पर्वपछि शक्तिशाली बनेका जङ्गबहादुर कुँवर प्रधानमन्त्री हुँदै श्री ३ महाराज बन्न सफल भए । लमजुङ र कास्कीका श्री ३ महाराजसमेत बनेका जङ्गबहादुर काठमाडौँबाट पोखरा जाने क्रममा तत्कालीन हुलाकी मार्ग हुँदै तार्कुघाट, मानेचौका, पुतलीबजार, कुन्छा र शिशाघाट भएर पोखरा पुगेको बताइन्छ ।

कुन्छा पुगेपछि पछाडि फर्केर हेर्दा ताम्रकोटको पहाड निकै सुन्दर देखिएको र रूपाकोटको डाँडाको काखमा रहेको जामुने क्षेत्र चञ्चले पुतलीजस्तै देखिएको कथन छ। आफ्नी प्रिय पुतलीको सम्झनामा जङ्गबहादुरले उक्त क्षेत्रको बजारको नाम पुतलीबजार राखिदिएको जनश्रुति छ ।

यात्राका क्रममा कुन्छाबाट ओरालो झर्दै गर्दा उनले सोतीबेँसी र दुईपिप्लेलाई पनि सम्झिए। दुईपिप्लेबाट सिमली डुङ्गामा मादी नदी तरेर शिशाघाट पुगेपछि नदी किनारमा एउटा विशाल ढुङ्गा भेटिएको स्थानीय किंवदन्ती छ ।

अन्नपूर्ण हिमालझैं शान्त स्वरूपमा उभिएको उक्त ढुङ्गालाई जङ्गबहादुरले आफ्नै हातले छोए । नजिकैको फूलपाती टिपेर ढुङ्गामा चढाए । त्यसपछि अक्षता र भेटी राखेर टीका लगाए तथा आफ्नो टाउको ढुङ्गामा ठोक्काउँदै 'जय शिशाकोटी महादेव' भन्दै शिलातर्फ फर्केर ठूलो स्वरमा 'मितज्यू' भनेर बोलाए । विशाल पत्थरमा ठोक्किएको आवाजको प्रतिध्वनि फर्किएपछि ढुङ्गाले पनि 'मितज्यू' भनेको अनुभूति भएको जनश्रुति छ ।

त्यही घटनापछि उक्त ढुङ्गा

बाँकी तेश्रो पेजमा



तनहुँसुरको जारकाटेढुङ्गासँग एउटा रोचक स्थानीय किंवदन्ती जोडिएको छ। कुनै समय तनहुँसुरका सेन राजा गद्दीचौतारामा बसेर न्यायनिसाफ गरिरहेका थिए । त्यही बेला श्रीमती नभएका एक साधु चौतारामा आए । उनले राजासमक्ष जार काट्न पाइन्छ कि पाइँदैन भनेर बिन्ती गरे। साधुको जाहेरीको वास्तविकता नबुझ्दै राजाले जार काट्न पाइन्छ, काट भन्ने आदेश दिएको जनश्रुति छ ।

देव बस्न्यात

तपाईको आज

मेष
अपिरिचित व्यक्तिको विश्वास गर्दा धोका हुन सक्छ। खर्च गरेर पनि त्यति फाइदा उठाउन नसकिएला ।

वृष
विभिन्न अवसरले पछ्याउनेछन् भने दिगो काममा जग बसाउने अवसर प्राप्त हुनेछ ।

मिथुन
परिस्थितिवश चिताएको काम रोकिन सक्छ । कामको मेसो नमिल्दा योजना अधुरै रहनेछ ।

कर्कट
रिसाउने तथा काम बिग्रने डरले सताउनेछ । दीर्घकालीन योजनामा निर्णय लिन हतार नगर्नुहोला ।

सिंह
प्रेम र मित्रताको बन्धन कसिनेछ भने विशेष उपहारले काममा उत्साह जगाउनेछ ।

कन्या
आफ्ना विषयवस्तुमा अरूले दाबी गर्न सक्छन् । प्राप्त उपलब्धि जोगाउने प्रयास गर्नुहोला ।

तुला
नियमित काममा साबिकजस्तै फाइदा भइरहनेछ। अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ ।

वृश्चिक
परिबन्धले समस्या निम्त्याउन सक्छ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला।

धनु
नयाँ काम प्रारम्भ गर्ने समय छ। चिताएको काममा सोचेजस्तै सफलता मिल्नेछ ।

मकर
प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ ।

कुम्भ
परिस्थितिवश चिताएको काममा बाधा पुग्नेछ । अरूका लागि रकम र बुद्धि खर्चनुपर्ला ।

मीन
विगतका कमीकमजोरीलाई सुधार गर्ने मौका छ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

न्यु दमौली ४०० केभी .....

छ। पुराना तथा जीर्ण पोल विस्थापन, एबी केबल जडान, एसीएसआर केबल परिवर्तन र नयाँ ट्रान्सफर्मर निर्माणमार्फत वितरण प्रणालीलाई सुरक्षित र भरपर्दो बनाउने योजना अघि सारिएको हो ।

व्यास नगरपालिकाका वडा नम्बर १, १२, १३ र १४ मा ४०७ वटा विद्युत् पोल प्रतिस्थापन, ४१.२२ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण र ७.८२ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ ।

आँबुखैरेनी गाउँपालिकाका वडा नम्बर ३, ४ र ५ मा ३७४ वटा पोल फेर्ने, २४.६६ किलोमिटर एबी केबल जडान, सातवटा ट्रान्सफर्मर निर्माण तथा १८.८५ किलोमिटर एसीएसआर केबल परिवर्तन गर्ने योजना छ । बन्दीपुर गाउँपालिकाका वडा नम्बर २, ३ र ६ मा २८४ वटा पोल प्रतिस्थापन गरिनेछ । त्यहाँ २१.०५ किलोमिटर एबी केबल जडान, पाँचवटा ट्रान्सफर्मर निर्माण तथा १५.५५ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ ।

त्यस्तै घिरिङ गाउँपालिकाका वडा नम्बर १, २, ३ र ५ मा ७८ वटा पोल परिवर्तन, ५७.६८ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण र ४.६ किलोमिटर एसीएसआर केबल परिवर्तन गर्ने कार्यक्रम छ ।

ऋषिङ गाउँपालिकाका वडा नम्बर १, ६, ७ र ८ मा ९२ वटा पोल प्रतिस्थापन गरिनेछ । यस क्षेत्रमा ४२.६५ किलोमिटर एबी केबल जडान, तीनवटा ट्रान्सफर्मर निर्माण र ४.६२ किलोमिटर एसीएसआर केबल परिवर्तन गरिनेछ ।

एमसिए नेपालका अनुसार पुराना पोल तथा तार हटाएर एबी केबल जडान गरिएपछि विद्युत् चुहावट र प्राविधिक समस्या न्यूनीकरणमा सहयोग पुग्नेछ। यसबाट विशेषगरी ग्रामीण क्षेत्रमा विद्युत् वितरण प्रणाली थप सुरक्षित र भरपर्दो हुने अपेक्षा गरिएको छ।

सवस्टेशन निर्माणसँगै वितरण प्रणाली सुधारका यी काम सम्पन्न भएपछि तनहुँमा विद्युत् प्रसारणदेखि उपभोक्ताको घरसम्मको संरचनामा उल्लेख्य सुधार आउने अपेक्षा गरिएको छ ।

हाम्रा घरआँगनमा भेटिने ढुङ्गा र .....

जङ्गबहादुरको मितढुङ्गाका रूपमा चिनिन थालेको स्थानीय विश्वास छ। शिशाघाट बजारको हात्तीगैरामा रहेको यो ढुङ्गा आज पनि मौन रूपमा उभिएको छ। मानौं, आफ्नो मित फेरि भेट्न आउने प्रतीक्षामा छ । मितढुङ्गाको नजिकै रहेको हात्तीगैरामा हात्तीढुङ्गा पनि भेटिन्छ। यी ढुङ्गाले शिशाघाटको ऐतिहासिक तथा सांस्कृतिक पहिचानलाई थप विशिष्ट बनाएका छन्।

ठाडोभाका लोकगायक बुद्धिमान दुरा 'धम्पु' र मितढुङ्गा

हिमाल, पहाड र तराईको विविध भूगोल भएको नेपालमा जातजातिअनुसार फरक-फरक मौलिक परम्परा पाइन्छन्। एकअर्काबीचको मित्रता दिगो बनाउन मित लगाउने प्रचलन पनि त्यस्तै सांस्कृतिक परम्परामध्ये एक हो। विशेष गरी दुरा समुदायमा सियो, जिम्ती र मित लगाउने प्रथालाई महत्त्वका साथ लिने गरिन्छ।

आफ्नै मौलिक परम्परामा हुर्किएका दुरा समुदायका मानिसले मानिससँग मात्र नभई प्रकृतिसँग पनि मितेरी साइनो गाँस्ने गरेका छन्। ठाडोभाका लोकगायक बुद्धिमान दुरा 'धम्पु'ले पनि लमजुङको मर्स्याङ्दी गाउँपालिका-५ खानीगाउँस्थित रक गार्डेनको ढुङ्गासँग दिल खोलेर मित लगाएको प्रसङ्ग यसैको उदाहरण हो।

मानिससँग मित लगाउँदा एक पुस्तापछि त्यो साइनो कमजोर हुन सक्छ। तर, प्रकृतिको उपहार ढुङ्गासँग मितेरी गाँस्दा युगौंसम्म साइनो कायम रहने सोच धम्पुको व्यवहारमा देखिन्छ। यसले उहाँ प्रकृतिप्रेमी हुनुहुन्थ्यो भन्ने कुरा प्रस्ट पार्छ ।

धम्पुले ढुङ्गासँग मित लगाएको प्रसङ्गलाई सीता दुराले आँ नो लेख 'मौलिक लोकसंस्कृतिमा हराउँदै गएको मित लगाउने प्रथा र धम्पु'मा उल्लेख गर्नुभएको छ। आज पनि उक्त शिलालाई धम्पुका मित र सीता दुराको मित भिनाजु भनेर सम्बोधन गर्ने गरिन्छ। यसले एउटा ढुङ्गालाई मानिसको आत्मीय सम्बन्ध, लोकपरम्परा र सांस्कृतिक स्मृतिसँग जोडेको छ ।

अन्त्यमा, तनहुँ र आसपासका क्षेत्रमा ढुङ्गासँग जोडिएका अनेकौं ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्पदा छन्। तोरी पेल्न प्रयोग गरिने कोलढुङ्गादेखि व्यास नगरपालिका-४ को दुम्सीकोट क्षेत्रमा भेटिएका गोहीढुङ्गा, कछुवाढुङ्गा र हनुमानढुङ्गासम्म यस्ता सम्पदाले हाम्रो जीवनशैली र विश्वासलाई प्रतिनिधित्व गर्छन्। फराकचौरको बेह्रेढुङ्गा अर्थात् अष्टवक्रशिला, मान्द्रेढुङ्गा, ऋषिङको ढुङ्गागाडे र चिसापानीको जन्तीढुङ्गा पनि यसैका उदाहरण हुन्।

ऋषिङको ढुङ्गागाडेसँग सुत्केरी महिलाले ढुङ्गा गाड्ने परम्परा जोडिएको बताइन्छ। दुई देशबीचको सीमामा ढुङ्गा गाड्दा त्यसलाई सुत्केरी महिलाबाट छुवाउने प्रचलन रहेको जनश्रुति पनि पाइन्छ । त्यसैगरी, शत्रुका सैनिक चौबीसै घण्टा खटिएका छन् भन्ने भ्रम सिर्जना गर्न मानिसजस्तै देखिने खरीढुङ्गा गाड्ने गरिएको स्थानीय कथन छ । हुरीबतास र वर्षाबाट जन्तीढुङ्गाले पनि स्थानीय जीवनसँगको सम्बन्ध देखाउँछ ।

पुराना समयमा हात्ती तथा घोडाको सवारी चलाउँदा बास बस्ने र विश्राम गर्ने ठाउँमा जनावर बाँध्न ढुङ्गा प्रयोग गरिन्थ्यो। शिशाघाटको हात्तीगैरामा हात्तीको आकृतिसँग मिल्दोजुल्दो हात्तीढुङ्गा अर्थात् गणेशशिला रहेको बताइन्छ। शिशाघाटदेखि मोदीसम्मको दूरी जनाउन प्रयोग गरिएका कोषढुङ्गा, दमौलीको पाञ्चायन मन्दिर परिसरमा रहेको पाञ्चजन्य शङ्खढुङ्गा, शेषनागको आकारको शिला तथा पूर्वजले आफ्ना कृतिको इतिहास लेखेर स्थापना गरेका शिलालेख पनि हाम्रा अमूल्य सम्पदा हुन्।

व्यास नगरपालिका-१२ देउरालीबाट नाबरूङ जाने बाटोको मजुवामा रहेको हात्ती बाँध्ने ढुङ्गा फुटाइएको दृश्यसमेत हामीले देखेका छौं । यस्ता घटनाले हाम्रो ऐतिहासिक सम्पदाको संरक्षणप्रति गम्भीर हुनुपर्ने आवश्यकता देखाउँछन् । अमूल्य निधि मानिएका यस्ता ढुङ्गा अब नफुटून्, नचोरिऊन् र नष्ट नहून् भन्ने नै हाम्रो चाहना हो ।

ढुङ्गा काम नलाग्ने वस्तु हो भन्ने सोचेर त्यसलाई बेवास्ता नगरौं। हाम्रो घरआँगन र करेसाबारीमा भेटिने ढुङ्गादेखि कृष्णगण्डकीमा पाइने मुकुन्देश्वर महादेवका शालिग्रामसम्मका धार्मिक तथा सांस्कृतिक महत्त्वलाई बुझौं। कुलदेवता, भुइँयार, शिकारी झाँक्री, नाग, शिवलिङ्गलगायत देवीदेवताका स्वरूप कुँदिएका शिलालाई पूजा गर्ने परम्पराले ढुङ्गासँग जोडिएको हाम्रो आस्थालाई प्रतिबिम्बित गर्छ।

पृथ्वीनारायण शाहका पूर्वज कुलमण्डन शाहले निर्माण गरेको भनिने धार्मिक पीठ ढुङ्गेसाँघुदेखि पृथ्वीनारायण शाहले विजय प्राप्त भूमिमा विजयको चिह्नका रूपमा ढुङ्गा गाड्ने प्रचलनसम्म आइपुग्दा ढुङ्गाले नेपाली इतिहासमा अनेकौं भूमिका निर्वाह गरेको देखिन्छ। ढुङ्गा कुनै समय किल्ला र गढीमा शत्रुबाट बच्ने हतियार बन्यो भने कुनै समय राज्यको सीमा छुट्याउने चिह्न। यही ढुङ्गा हाम्रा मनमनमा आस्थाको देवता बनेर पनि बसेको छ।

ढुङ्गासँगको सम्बन्ध भौतिक प्रयोगमा मात्र सीमित छैन। ढुङ्गाले मानिसलाई प्रकृतिसँग नजिक हुन, इतिहास सम्झन र पुर्खाको ज्ञान तथा परम्परालाई सम्मान गर्न प्रेरित गर्छ। यसले धैर्य, सहनशीलता र स्थायित्वको प्रतीकका रूपमा समेत अर्थ बोकेको छ ।

त्यसैले हाम्रा घरआँगन, पाखापखेरा, मन्दिर, चौतारा र बस्तीमा रहेका ढुङ्गालाई सामान्य वस्तु ठानेर उपेक्षा नगरौं। तिनमा लुकेको इतिहास खोजौं, स्थानीय किंवदन्ती र मौखिक परम्पराको अभिलेखीकरण गरौं तथा भावी पुस्ताका लागि संरक्षण गरौं। ढुङ्गा फुटाउनु वा हटाउनुअघि त्यससँग जोडिएको सांस्कृतिक र ऐतिहासिक महत्त्व बुझ्ने संस्कार विकास गरौं।

हाम्रा पुर्खाले ढुङ्गासँग गाँसेको साइनो हाम्रो पहिचान र मौलिक सम्पदा हो। यसको संरक्षण गर्नु भनेको प्रकृतिको सम्मान गर्नु, इतिहास जोगाउनु र भावी पुस्तालाई आफ्नो जरा चिनाउनु हो। यही चेतनाले हाम्रो ढुङ्गामाटोसँगको आत्मीय सम्बन्धलाई युगौंसम्म जीवन्त राख्नेछ ।

लघुजलविद्युत्को भरमा लमजुङका बस्ती, राष्ट्रिय प्रसारण लाइनको प्रतीक्षा


भञ्ज्याङ समाचारदाता/लमजुङ

लमजुङका पसगाउँ, सिङ्दी लगायतका बस्ती तथा राइनास नगरपालिकाको एउटा गाउँमा राष्ट्रिय प्रसारण लाइनको व्यवस्था नहुँदा ती स्थानका सर्वसाधारण लघुजलविद्युत्मा निर्भर भएका छन्।

लघुजलविद्युत् आयोजनाको उत्पादन घटेका बेला बिजुली आपूर्ति पनि कम हुने गरेको छ । नेपाल विद्युत् प्राधिकरण वितरण केन्द्रका प्रमुख सोवितबहादुर क्षेत्रीका अनुसार राइनास नगरपालिकाको एउटा गाउँका करिब २० घर तथा क्व्होलासोथार गाउँपालिकाका पसगाउँ, सिङ्दीलगायतका बस्तीमा राष्ट्रिय प्रसारण लाइन विस्तार हुन बाँकी छ । हालसम्म जिल्लामा ४४ हजार घरमा विद्युत् सेवा पुगेको छ ।

सिङ्दी गाउँमा करिब २२० देखि २२५ घर रहे पनि लघु जलविद्युत् आयोजनाको उत्पादन घट्दा आपूर्तिमा समस्या हुने गरेको छ । विगतमा ४० किलोवाट विद्युत् उत्पादन हुने गरेकामा हाल अधिकतम २५ किलोवाट मात्र उत्पादन भइरहेको छ । उत्पादन घटेपछि दैनिक चार घण्टा विद्युत् आपूर्ति बन्द हुने गरेको छ ।

क्व्होलासोथार गाउँपालिकाकी उपाध्यक्ष गमीमाया गुरूङले गाउँपालिकाभित्रका विभिन्न बस्तीमा राष्ट्रिय प्रसारण लाइन विस्तारका लागि पटकपटक पहल गरिए पनि सुनुवाइ नभएको गुनासो गरिन् ।





विजय दशमी, शुभदिपावली तथा छठ पर्वको पावन अवसरमा सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विशेषज्ञ चिकित्सकहरूद्वारा स्वास्थ्य उपचार सम्बन्धी सूचना

कात्तिक ८ गते आइतबार

१) भरतपुर क्यान्सर हस्पिटलका वरिष्ठ क्यान्सर सर्जन नाक, कान, घाँटी रोग विशेषज्ञ **डा.अनिल विक्रम कार्की**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ ।

२) गण्डकी अस्पतालमा कार्यरत सर्जन, स्तन, स्त्री तथा प्रसुती रोग विशेषज्ञ **डा. दिनेश शर्मा तिमिल्सेना**द्वारा स्वास्थ्य परीक्षण गरिन्छ। *गर्भवती महिलाको महिनावारी जाँच, तल्लो पेट देख्ने, सेतो पानी बग्ने, पाठेघर तल झर्ने, सेतो पानीको जाँच (PAP SMEAR) गर्ने, स्तन दुख्ने र गाँठागुठी आउने, महिनावारी गडबढ हुने र महिनावरी हुँदा पेट दुख्ने आदी समस्या भएका विरामीहरूले उपचार सेवा लिनुहोला ।*

हाम्रा उपलब्ध सेवाहरू :

१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार परीक्षण गरिन्छ) ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्ग, स्टेचिङ्ग आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा

कात्तिक १३ गते शुक्रबार

१) काठमाडौं गंगालाल अस्पतालका वरिष्ठ मुटुरोग विशेषज्ञ **डा. मुरारी दुङ्गाना**द्वारा स्वास्थ्य परीक्षण हुने हुँदा सम्बन्धित विरामीले उपचार सेवा लिनुहोला ।

कात्तिक १४ गते शनिबार

१) गण्डकी मेडिकल कलेज पोखराका वरिष्ठ फिजिसियन, मधुमेह (सुगर) र थाइरोइड तथा हर्मोन रोग विशेषज्ञ प्रोफेसर **डा. तिर्थलाल उपाध्याय** आउनुहुने भएकाले सम्बन्धित रोगका विरामीले उपचार सेवा लिनुहोला ।

२) मणिपाल अस्पताल पोखराकी वरिष्ठ छाला, यौन, कुष्ट तथा सौन्दर्य रोग विशेषज्ञ **डा. जयन्ती ज्वारचन** आउनुहुनु भएकाले सुन्दर छाला, स्वास्थ्य यौन जीवन र कुष्ठमुक्त समाजको लागि समयमै परीक्षण गरौं ।

नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.

व्यास-२, अमरसिंह मार्ग, दमौली । फोनः ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दमौली तनहुँ । गण्डकी प्रदेश

नगर लोककल्याणकारी सन्देश

जग्गा वर्गीकरण तथा कित्तागत विवरण संशोधन एवं नयाँ कित्तागत विवरण थपका लागि ३० दिनको म्याद थप गरिएको सम्बन्धी सूचना ।

यस कार्यालयबाट मिति २०८३/०५/१५ मा प्रकाशित जग्गा वर्गीकरण तथा कित्तागत विवरण संशोधन एवं नयाँ कित्तागत विवरण थपसम्बन्धी सूचनामार्फत सम्बन्धित जग्गाधनीहरूलाई आवश्यक प्रमाण तथा कागजातसहित सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्न ३५ (पैंतीस) दिनको म्याद दिइएकोमा निवेदन पेस गर्न छुट भएका जग्गाधनीहरूका लागि यो सूचना प्रकाशित भएको मितिले थप ३० (तीस) दिनको म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । व्यास नगरपालिकाबाट मिति २०८२/०२/११ मा प्रकाशित "व्यास नगरपालिकाको जग्गा वर्गीकरण तथा कित्तागत विवरण, २०८२" यस नगरपालिकाको आधिकारिक वेबसाइट vyasmun.gov.np मा उपलब्ध छ । आफ्नो कित्तागत विवरण सोहि Website बाट अवगत गर्नु भई सम्बन्धित जग्गाधनीहरूले उक्त विवरणमा आफ्नो जग्गाको कित्तागत विवरण समावेश भए/नभएको तथा विवरण सही भए/नभएको यकिन गरी संशोधन वा नयाँ कित्तागत विवरण थप गर्नुपर्ने भएमा आवश्यक प्रमाण, कागजात तथा स्पष्ट विवरणसहित माथि उल्लिखित म्यादभित्र सम्बन्धित वडा कार्यालयमा निवेदन पेस गर्नुहुन अनुरोध छ ।

पुनश्चः यसअघि प्रकाशित सूचना बमोजिम निवेदन पेस गरिसक्नुभएका जग्गाधनीहरूले सोही विषयमा पुनः निवेदन पेस गर्नुपर्ने छैन ।

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९



दशैंमा २४ पिर्के रोहोटे पिङ : लमजुङको मध्यनेपाल नगरपालिका-१०, हाँडीखोला बर्धानमा हालिएको २४ पिर्के रोहोटे पिङ खेल्दै स्थानीय। दशैं पर्वको परम्पराको संरक्षण तथा सांस्कृतिक महत्व झल्काउने रोहोटे पिङ फूलपातीको दिन शनिबार विधिवत रूपमा सञ्चालनमा ल्याइएको छ । गाउँमा पिङ सञ्चालनमा आएसँगै स्थानीय क्षेत्रमा चाडपर्वको रौनक थपिएको छ । *फोटो : सुरज गुरूङ/भञ्ज्याङ*

कोरला नाकाबाट डेढ महिनामै १९ अर्बका वस्तु आयात

ईभी आयात बढ्दा राजस्व लक्ष्य असोजमै पूरा हुने सम्भावना, निर्यात भने ३८ लाखमा सीमित

भञ्ज्याङ समाचारदाता/मुस्ताङ

उत्तरी नाका रसुवा र तातोपानीबाट हुने व्यापार अवरूद्ध भएपछि मुस्ताङको कोरला नाका हुँदै हुने आयात ह्वात्तै बढेको छ। चालु आर्थिक वर्ष २०८२/८३ को असोज २७ गतेसम्म मुस्ताङ भन्सार कार्यालयबाट १९ अर्ब ४० करोड रूपैयाँभन्दा बढी मूल्यका वस्तु आयात भएका छन् । तर, सोही अवधिमा नेपालबाट चीनतर्फको निर्यात भने ३७ लाख ७८ हजार रूपैयाँमा सीमित छ ।

भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवाको टिमुरेस्थित भन्सार कार्यालय र तातोपानी नाका सञ्चालनमा आउन नसकेपछि विद्युतीय सवारीसाधन (ईभी) सहित विभिन्न सामान बोकेका कन्टेनर कोरला नाकाबाट भित्रिन थालेका हुन् । यसले कोरला नाकाबाट हुने आयात व्यापारमा उल्लेख्य वृद्धि गरेको छ ।

मुस्ताङ भन्सार कार्यालयका सूचना अधिकारी अविन्द्र सिंहका अनुसार चालु आर्थिक वर्षको साउनदेखि असोज २७ गतेसम्म लिजी-नेचुङ (कोरला) नाका हुँदै आठ अर्ब ३२ करोड ८३ लाख रूपैयाँ राजस्व संकलन भएको छ। दैनिक अधिकतम ४० करोड रूपैयाँसम्म राजस्व संकलन हुने गरेको उनले बताए ।

यद्यपि, सडकको अवस्था कमजोर हुँदा पछिल्लो समय विद्युतीय सवारीसाधनको आयात केही घटेको उहाँले जानकारी दिनुभयो । उत्तरी सीमाका अन्य नाका बन्द रहँदा कोरला नाकामा व्यापारिक चाप बढेको छ ।

भन्सार कार्यालयका अनुसार उक्त अवधिमा आयात भएका वस्तुको तुलनामा निर्यात निकै न्यून छ । आयात र निर्यातबीचको मूल्यगत अन्तर १९ अर्ब ४० करोड ३१ लाख २२ हजार रूपैयाँ रहेको छ । नेपालबाट चीनतर्फ हस्तकलाका सामग्री, कपडालगायत वस्तु निर्यात हुने गरे पनि आयातको तुलनामा त्यसको परिमाण नगण्य छ ।

कोरला नाकाबाट मुख्य रूपमा विद्युतीय सवारीसाधन, घरायसी सामग्री, सौन्दर्य प्रसाधन, विद्युतीय उपकरण, जलविद्युत् आयोजनामा प्रयोग हुने मेसिन तथा उपकरण र लत्ताकपडा आयात हुने गरेका छन् । साउनयता मात्रै तीन हजार १२६ वटा विद्युतीय सवारीसाधन नेपाल भित्रिएका छन् ।

विद्युतीय सवारीसाधनको आयातबाट सबैभन्दा बढी राजस्व संकलन हुने गरेको कार्यालयले जनाएको छ । फलफूलको आयातबाट भने तुलनात्मक रूपमा न्यून राजस्व प्राप्त हुने गरेको छ। कार्यालयले चालु आर्थिक वर्षका लागि नौ अर्ब रूपैयाँ राजस्व संकलनको लक्ष्य निर्धारण गरेको छ। आयातको वर्तमान अवस्थालाई हेर्दा उक्त लक्ष्य असोजमै पूरा हुने सम्भावना देखिएको छ ।

कोरला नाकाबाट करिब १४ किलोमिटर तल रहेको भन्सार कार्यालयमा सामान ल्याएर जाँचपास गरिन्छ । त्यसपछि १८६ किलोमिटर लामो कोरला-जोमसोम-बेनी सडकखण्ड हुँदै पोखरालगायतका बजारमा सामान पुऱ्याइन्छ । तर, सडकको कमजोर अवस्था र विभिन्न स्थानमा हुने अवरोधले आयातित सामान तथा सवारीसाधनको ढुवानी प्रभावित हुने गरेको छ ।

मुस्ताङ भन्सार कार्यालयका प्रमुख विदुर चुँडालले सडकखण्डमा अवरोध हुँदा चिनियाँ विद्युतीय सवारीसाधन नाकापारि नै रोकिएको र जाँचपास भइसकेका धेरै सवारीसाधनसमेत मुस्ताङमै थन्किएको बताए । उनले भने, "चाडपर्व लक्षित सामान आयात भइरहेको छ । कात्तिक महिनाको अन्तिमसम्म भन्सारमा बढी चहलपहल हुन्छ ।"

कोरला नाकाबाट हुने व्यापारले मजदुर, चालक र स्थानीय व्यापारीको चहलपहलसमेत बढाएको छ । दसैं-तिहार लक्षित सामानको आयातसँगै ढुवानी तथा व्यापारिक गतिविधि बढे पनि सडक पूर्वाधारको कमजोरीले व्यापारलाई सहज रूपमा अघि बढाउन चुनौती थपेको छ ।

समुद्री सतहदेखि चार हजार ६५० मिटर उचाइमा रहेको कोरला नाका ऐतिहासिक र व्यापारिक दृष्टिले महत्त्वपूर्ण मानिन्छ । सन् १९६० को दशकमा तिब्बत चीनमा गाभिएपछि नेपाली भूमि प्रयोग गरेर खम्पाहरूले विद्रोह गरेका कारण यो नाका बन्द भएको बताइन्छ । विसं २०८० कात्तिक २७ गते औपचारिक उद्घाटन गरिएको नाका गत आर्थिक वर्षको भदौ ३० गतेदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको हो ।

कोरला नाकाबाट आयात बढ्नुले उत्तरी व्यापारिक मार्गको सम्भावना देखाए पनि त्यसको दीर्घकालीन लाभ लिन सडक पूर्वाधार सुधार, ढुवानी व्यवस्थापन र नेपालबाट हुने निर्यात विस्तारमा ध्यान दिनुपर्ने देखिन्छ ।

facebook twitter



Surya Raj Acharya
x.com/SuryaRAcharya

नेपालमा समाजवाद भर्सेज पुँजीवादको बहस समाजवाद र पुँजीवादसम्बन्धी नेपालको अर्थराजनीतिक बहस समकालीन विश्वव्यापी विमर्शभन्दा केही दशक पछाडि रहेको देखिन्छ । सन् २००८ को विश्वव्यापी वित्तीय संकटपछि अन्तर्राष्ट्रिय बहस 'पुँजीवाद कि समाजवाद ?' भन्ने साँघुरो घेराभन्दा बाहिर निस्केर बजार, राज्य र संस्थागत प्रबन्धहरूबीच कस्तो संयोजन र सहकार्यबाट आर्थिक वृद्धि, समता र दिगो विकास हासिल गर्न सकिन्छ भन्ने विषयमा बढी केन्द्रित हुँदै गएको छ ।

तर नेपालमा भने यस्तो बहस प्रायः एकातिर समाजवादप्रतिको परम्परागत भावनात्मक आस्था र अर्कोतिर फुकुयामाको 'इतिहासको अन्त्य' सम्बन्धी उदार लोकतान्त्रिक तथा पुँजीवादी भाष्यलाई समाजवादका सबै स्वरूपको अस्वीकृतिका रूपमा व्याख्या गर्ने दृष्टिकोणबीच ध्रुवीकृत देखिन्छ ।

दरिलो प्राज्ञिक र बौद्धिक जगमा टेकेर बहस गर्न सक्ने हो भने पुँजीवादी र समाजवादी दृष्टिकोणको मन्थनबाट नेपालको आर्थिक विकासका लागि व्यावहारिक र संस्थागत रूपमा कार्यान्वयनयोग्य नीतिगत निष्कर्ष निकाल्न सकिन्छ ।



Tara Nath Dahal
x.com/tndahal7

सम्पादकीय माध्यममा आएका समाचारको बिषयमा गुनासो र बिबाद भए -प्रेस काउन्सिल जाने।
- काउन्सिलको निर्णय मन नपरे जिल्ला अदालत जाने।
- सामाजिक सन्जालमा आएका समाचार र बिचारबारे आपत्ती भए-हेर्ने ऐन र निकाय नै बनेको छैन, बनाऊ।
- व्यक्तिगत गोपनीयताको बिषय हेर्ने छुट्टै निकाय पनि चाहिन्छ।



मान्ठा
x.com/iMaanthaa

देशमा होटल, रिसोर्ट र पर्यटकीय गन्तव्यमा मनग्गे पैसो खन्याइएको छ। तर न ति स्थानसम्म गतिलो पहुँचमार्ग छ, न चुस्त व्यवस्थापका साथ ति राम्रोसँगै चलेको देखिन्छ । उति नचलेपछि उचित मेन्टेन पनि कसरी होस ?
दामवाला पोटिला टुरिष्ट नल्याउने हो भने खर्बौं रूप्पे जोखिममा पर्ने पो देख्छु ।

धर्म, संस्कृति र परम्परालाई सम्मान गरौं

- चाडपर्व मनाउँदा अनावश्यक तडक-भडक नगरौं,
- चाडपर्व सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।

सामाजिक सदभाव र सहिष्णुता कायम गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४